# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०५** **संख्याः ०५** **मितिः २०७८/०३/१०**

## भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्ययोजना सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## राक्सिराङ गाउँपालिकाको स्थानीय वन ऐन २०७८

संवत् २०७८ सालको ऐन नं. ६७

# राक्सिराङ गाउँपालिकाको स्थानीय वन ऐन २०७८

**प्रस्तावना** : नेपालको संबिधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, वन नीति २०७५, वन ऐन २०७६, प्रदेश राष्ट्रिय वन ऐन २०७६ एवं वन तथा वातावरणसंग सम्बन्धित राष्ट्रिय तथा अन्तरराष्ट्रिय ऐन कानुन कार्यान्वयन गर्ने उद्देश्यले, वन माथिको स्थानीय सरकार र समुदायको अधिकारलाई व्यवहारिक रूपमा प्रत्याभूत गराउँदै वनको दिगो व्यवस्थापन, दिगो संरक्षणमा जिम्मेवारी तुल्याउदै वन श्रोतबाट अधिकतम लाभ उठाई लाभको न्यायोचित वितरणको माध्यमबाट स्थानीय सरकार र समुदायको आर्थिक, सामाजिक, पर्यावरणीय र भौतिक विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउदै आर्थिक सम्बृद्धी एवं दिगो विकासको लक्ष्य प्राप्त गर्न थप योगदान पुर्‍याउन वनको व्यवस्थापन, उपयोग सम्बन्धी स्थानीय वन व्यवस्थापन गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, काठ, दाउरा, तथा जडिबुटीको उत्पादन, प्रयोग र ब्यापार भई रहेको यस गाउँपालिकाको वन क्षेत्रलाई एकीकृत र दिगो रुपमा व्यवस्थापन गर्न सकेमा यहाँका नागरिकहरुको आयआर्जन वृद्धि हुनुका साथै पर्यावरण समेत सकरात्मक योगदान पुग्न जाने देखिएकोले यस गाउँपालिकामा रहेको वन, जैविक विविधता, जडिबुटीको विकास गर्न, संघ र प्रदेशको कानुन यस ऐनमा लेखेको कुरा बाझिने देखिएमा स्वतः अमान्य हुने गरि, नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ अनुसार यस राक्सिराङ गाउँपालिकाको गाउँसभाले यो स्थानीय वन ऐन २०७८ बनाएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** :-

१) यस ऐनको नाम "स्थानीय वन ऐन, २०७८" रहेको छ ।

२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "वन" भन्नाले पूर्ण वा आंशिक रूपमा रुख वा बुट्यानहरूले ढाकिएको विद्यमान अवस्थामा रहेको सामुदायिक वन, धार्मिक वन, कबुलियती वन, कृषि वन, वृक्षारोपण क्षेत्र, सीमसार क्षेत्र, प्रथाजनित रूपमा व्यवस्थापन गरिएको वन र निजि वन समेतलाई सम्झनु पर्छ।

(ख) "प्राकृतिक स्रोत साधन" भन्नाले जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि जस्ता प्राकृतिक रूपमा प्राप्त श्रोत साधनलाई सम्झनु पर्छ।

(ग) "वनमाथिको पहुँच" भन्नाले वनको संरक्षण र व्यवस्थापनमा सहभागि हुने र निर्णय लिने, वनबाट प्राप्त हुने वनपैदावारलाई प्राप्त गर्ने, सदुपयोग वा भोग चलन गर्ने, वनक्षेत्रमा निर्वाध रूपमा प्रवेश र आवतजावत गर्ने अधिकारलाई सम्झनु पर्छ।

(घ) "वन अधिकार" भन्नाले परिच्छेद २ मा उल्लेखित वनसम्बन्धी अधिकारलाई सम्झनु पर्छ।

(ङ) "स्थानीय वन समन्वय समिति" भन्नाले दफा १३ बमोजिम गठन हुने स्थानीय वन समन्वय समिति सम्झनु पर्छ।

(च) "स्थानीय समुदाय" भन्नाले वनक्षेत्रसंग सीमाना जोडिएको वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण समुदायलाई सम्झनु पर्छ।

(छ) "अन्य समुदाय" भन्नाले सामुदायिक वनबाट प्राप्त हुने वनपैदवार आफ्नो घर परिवारको जीविकोपार्जनको लागि कुनै न कुनै रुपले सदुपयोग गर्दै आईरहेको, वन पैदवारको लागि त्यस्तो वन क्षेत्रबाट आश्रित एवं लाभान्वित भौगोलिक रूपमा वन क्षेत्रदेखि टाढा रहेको घर, परिवार र समुदायलाई सम्झनु पर्दछ।

(ज) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित

कानूनले अन्यथा व्यवस्था गरेको वाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको वा वनसँग जोडिएको घाँसे मैदान, नांङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

(झ) "वन पैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, घाँस, लाहा, पिपला, पिपली, वा रुख, विरुवा, पात, फल, फूल, भूवा, जरा, गानो, मौवा, चिराइतो, च्याउ र सबै प्रकारका जङ्गली जडीबूटी, वनस्पती तथा तीनका विभिन्न भाग वा अङ्ग, वा चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा, वा वन्यजन्तु वा पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार सम्झनु पर्छ ।

(ञ) "सामुदायिक वन" भन्नाले सामुहिक हितका लागि वनको विकास, संरक्षण र उपयोग गर्न स्थानीय सामुदायिक वन उपभोक्ता समूहलाई सुम्पिएको राष्ट्रिय वन सम्झनु पर्छ ।

(ट) "कबुलियती वन" भन्नाले नेपाल सरकार वा प्रदेश सरकारले वन ऐन २०७६ र प्रदेश राष्ट्रिय वन ऐन २०७६ को प्रायोजनको लागि राष्ट्रिय वनको कुनै भाग कबुलियतनामा गरेर प्रचलित कानुन बमोजिम स्थापित कुनै सङ्गठित संस्था वा समूहलाई उपलब्ध गराएको वनलाई सम्झनु पर्छ ।

(ठ) "धार्मिक वन" भन्नाले परापूर्व कालदेखिको धार्मिक स्थल र त्यसको वरिपरिको वन संरक्षणका लागि प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायलाई हस्तान्तरण गरिएको राष्ट्रिय वनलाई सम्झनु पर्छ ।

(ड) "निजी वन" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्ति वा संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनु पर्छ ।

(ढ) "परम्परागत उपभोक्ता" भन्नाले जीवनयापनको लागि

परापूर्वकालदेखि स्थानीय रीतिरिवाज, संस्कृति, मौलिक परम्परा अनुसार आफ्नै मौलिक विधि र प्रकृयाबाट निश्चित वनक्षेत्र उपभोग गर्दै आएका समुदायलाई सम्झनुपर्दछ ।

(ण) "वन उपभोक्ता समूह" भन्नाले वनको संरक्षण, व्यवस्थापन, भोगचलन र प्रयोगको लागि स्थानीय सरकार, प्रदेश सरकार र नेपाल सरकारको सम्बन्धित निकायबाट स्विकृती प्राप्त सम्बन्धित वन क्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित, लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण वर्ग, लिङ्ग, जाति र घरधुरीको अनिवार्य प्रतिनिधित्व हुने गरी गठन हुने उपभोक्ता समूहलाई सम्झनु पर्छ ।

(त) "वन उपभोक्ता समिति" भन्नाले वन उपभोक्ता समूहको साधारण सभाले चयन गरेको कार्य समितिलाई जनाउने छ ।

(थ) "वनश्रोत" भन्नाले वनमा रहेको वनस्पति, जीव, र अन्य सुक्ष्म जीवहरू लगायत माथि तोकिएको वन क्षेत्रमा रहेको अन्य सम्भावित मानविय प्रयोगमा आउने वनश्रोत समेतलाई जनाउने छ ।

(द) "उद्योग" भन्नाले लघु, घरेलु, साना, मझौला र ठूला उद्योग सम्झनु पर्छ ।

(ध) "सम्बन्धित अधिकारी" भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम कर्तव्य निर्वाह गर्ने अख्तियार प्राप्त अधिकारी सम्झनु पर्दछ ।

(न) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद २
## स्वामित्व, अधिकार र दायित्व

### ३. स्वामित्व प्राप्त गर्नेः-

(१) परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम नेपाल सरकार, प्रदेश सरकार र राक्सिराङ गाउँपालिकाको सहमतीमा संरक्षण, भोगचलन, र उपयोगको स्वामित्व प्राप्त गर्ने र त्यस्तो वनको व्यवस्थापन गर्ने अधिकार स्थानीय समुदायलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको वन क्षेत्र स्थानीय समुदायको पूर्व सूसुचित मञ्जुरी बिना वन उपभोक्ता समूह, वा अन्य कुनै प्रयोजनको लागि स्थानीय सरकारले अन्य व्यक्ति, कम्पनी वा समुदायलाई दिन पाईने छैन ।

(३) तर उपदफा (१) बमोजिमको वन क्षेत्रमा सार्वजनिक हितको लागि स्थानीय समुदायको हितमा असर नपर्ने गरी नेपाल सरकार, प्रदेश सरकारको सहमतिमा स्थानीय सरकारले प्रयोगमा ल्याउन उपदफा (२) को व्यवस्थाले कुनै वाधा पुगेको मानिने छैन ।

### ४. सामुदायिक र कबुलियती वनमा स्थानीय समुदायको व्यवस्थापन जिम्मेवारी :

(१) सामुदायिक र कबुलियती वनमा स्थानीय समुदायले देहाय बमोजिमका वन सम्बन्धी कार्यहरु गर्नेछन् ।

(क) समुदाय एक आपसमा भेला भई आफ्नो क्षेत्रको वनको दीगो व्यवस्थापन, जैविक विविधताको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन, वन पैदावारको विकास र उपयोग गर्नका लागि वन व्यवस्थापन समूह गठन गर्ने,

(ख) वन क्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, व्यवस्थापन, नियन्त्रण र उपयोगको कार्ययोजना निर्माण गर्ने,

(ग) वनक्षेत्रमा रहेको खानेपानी तथा सिंचाईको मुहान लगायत प्राकृतिक श्रोत साधन र वन पैदावारहरू प्राप्त गर्ने, समुदायले नियम बनाई तोकेकोमा बाहेक विना अवरोध वन क्षेत्रमा आवत जावत गर्ने, वनक्षेत्रमा व्यवस्थित चरीचरण गर्ने,

(घ) वनबाट दाउरा, घाँस, सोत्तर, काठ जस्ता समुदायको दैनिक आधारभूत आवश्यकता पुरा गर्ने र बढी भएका वन पैदावारको स्थानीय सरकार र सम्वन्धित निकायको अनुमति लिई मूल्य निर्धारण गरी बिक्री  वितरण गर्ने,

(ङ) वनक्षेत्र भित्रको खोला, पानीको मुहान, कार्बन संचितिकरण तथा भण्डारण लगायत वातावरणीय सेवा बापतको लाभ प्राप्त गर्ने,

(च) वनश्रोतको उपयोगबाट स्थानीय समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक आवश्यकताको पूर्ति गर्ने, गरिबी निवारणमा टेवा पुऱ्याउने र सामुदायिक विकास गर्ने,

(छ) वनक्षेत्र भित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, व्यवस्थापन तथा तोकिए बमोजिम सदुपयोग गर्ने ।

(ज) वनको व्यवस्थापनको लागि तोकिए बमोजिमवन उपभोक्ता समूह, वन उपभोक्ता समिति र आवश्यकता अनुसारको उपसमितिहरू गठन गर्ने र त्यस्तो समिति उपसमितिको कामकर्तव्य र अधिकारहरू तोक्ने,

(झ) वन व्यवस्थापनको लागि आवश्यक कार्ययोजना वनाई स्थानीय सरकारमा पेश गर्ने,

(ञ) वन संरक्षण, विकास र व्यवस्थापनका लागि स्थानीय सरकार, प्रादेशीक सरकार र संघीय सरकारबाट आवश्यक सहयोग र बजेट प्राप्त गर्ने तथा सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने,

(ट) वनसंग सम्बन्धित परम्परागत पेशा, अभ्यास, अनुभव, ज्ञान, सीप, दक्षताहरूको पहिचान गरी संरक्षण, आधुनिकीकरण, औद्योगिकीरण र बजारीकरणका लागि चाहिने वन पैदावरजन्य कच्चा पदार्थहरू स्वतन्त्रतापूर्वक प्राप्त गर्ने र उत्पादित

बस्तुलाई उपभोग गर्ने र बजारमा बिक्रि बितरण गरी लाभ प्राप्त गर्ने,

(ठ) वनलाई समय सापेक्षित रूपमा स्थानीय समुदायको जीविकोपार्जनमा टेवा पुऱ्याउने पर्यावरण, कृषिवन, पशुपालन, वन्यजन्तु पालन, जडिबुटी, उद्यम, चिडियाखाना जस्ता वन उद्यम सम्बन्धी कृयाकलापहरू तोकिए बमोजिम संचालन गरी लाभ प्राप्त गर्ने,

(ड) वनको दीगो व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्वमा वृद्धि गर्दै वनक्षेत्रमा काठ र गैर काठजन्य वन पैदावारको उत्पादन गर्ने, वन पैदावारको अधिकतम उपयोगबाट साना, मझौला तथा ठूला खाले उद्यम समुदाय आफैले वा तेस्रो पक्षसंग सम्झौता गरी तोकिए बमोजिम संचालन गर्न सक्नेछ र त्यस्तो उद्यमले वनको दिगो संरक्षण र व्यवस्थापनको साथै स्थानीय समुदायको आर्थिक उन्नतीमा टेवा पुऱ्याउने,

(ढ) वनको हैसियतमा नकारात्मक असर नपुग्ने गरि वन श्रोतको पूर्ण रूपमा व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने एवं वन उद्यम विकास गर्ने र त्यस्तो निर्णय लिने,

(ण) वनको भौगोलीक बनौट, भिरालोपन र माटोको किसिम अनुसार वन कार्ययोजनामा तोकिए बमोजिम वन सम्वर्द्धन (गोडमेल, हाँगा काँटछाट, झाडी सफाइ, पतल्याउने र रुख कटान आदि) पद्धति अपनाई वन विकास र संरक्षण गर्ने,

(त) वनको दिगो व्यवस्थापनबाट उपलब्ध हुने जलाधार एवं जैविक विविधता संरक्षण, भुदृश्य-सौन्दर्य तथा कार्वन-संचिति जस्ता वातावरणीय सेवाहरूको संभावनाको खोजी गरी वातावरणीय सेवासुविधाको उपयोग गरेर आयआर्जनको अवधारणालाई अगाडि बढाउने,

(थ) कार्बन सञ्चिती, जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली, पर्यापर्यटन जस्ता वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने वातावरणीय सेवाबाट लाभ प्राप्त गर्ने ।

## ५. वन उपभोक्ता समूहको सदस्यका काम, कर्तव्य र जिम्मेवारी

१. (क) वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागि हुने,

(ख) वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधन र वनपैदावारहरू तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) वन उपभोक्ता समूहमा सहभागी हुने र नेतृत्व लिने एवं निर्णय प्रकृयामा भाग लिने,

(घ) वनबाट प्राप्त लाभको हिस्सा प्राप्त गर्ने,

(ङ) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने,

२. वन संरक्षण तथा व्यवस्थापनमा नियमित रूपमा सहभागी हुन नसक्ने टाँढाका उपभोक्ताहरूलाई उनीहरूले वन संरक्षणमा पुऱ्याउने योगदान र वनश्रोतको उपयोगको आधारमा वर्गीकरण गरी वनबाट देहाय बमोजिमका अधिकारहरू प्राप्त हुनेछन् ।

(क) वनबाट वन पैदावार सहुलियत दरमा प्राप्त गर्ने,

(ख) वनबाट प्राप्त लाभ तोकिए बमोजिम प्राप्त गर्ने ।

(ग) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको उपभोग गर्न पाउने,

## ६. वनमा आधारित उद्यम विकास:-

(१) वनश्रोतको प्रयोग गरी वन पैदावारमा आधारित उद्योगहरू तोकिए बमोजिम वन उपभोक्ता समूह आफैले वा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार वा निजी क्षेत्रसंग सम्झौता गरी वा तेस्रो पक्षसंग सम्झौता गरी व्यवसायिक रूपमा संचालन गर्न सक्नेछ ।

(क) वन समूहहरु, स्थानीय सरकार र तेश्रो पक्ष समेतको लगानीमा काठ चिरान मिल स्थापना गर्न सक्ने ।

(ख) स्थानीय सरकारको स्विकृतीमा साना फर्निचर उद्योग

स्थापना गर्न सक्ने ।

(ग) गैर काष्ठ उद्योग तथा काष्ठ कलाका उधमहरु संचालन गर्न सक्ने ।

(घ) रोजगारमुलक वनपैदावार उद्योग संचालन गर्न सक्ने ।

(ङ) समूहहरु र स्थानीय सरकारको स्वलगानी र स्वामित्तवमा संचालन हुने काठ चिरान मिल स्थापना गर्दा वन क्षेत्र बाहिर नीजी जग्गामा संचालन गर्दा अन्य कुनै मापदण्ड लाग्ने छैन ।

(च) वनसंग सम्बन्धित हरित उद्यम विकास गरि रोजगारी श्रृजना गर्न सक्ने ।

(छ) वातावरण संरक्षण तथा स्थानीयको जिविकोपार्जन सुधारका लागि चिउरीको सम्बर्द्धन तथा चिउरीसंग सम्बन्धित उद्यम विकास गर्न सक्ने ।

(२) उपदफा (१) बमोजिमको वनमा आधारित उद्योगले सामुदायिक वा निजी वनक्षेत्रको काठजन्य, पानीजन्य वा गैरकाठजन्य, जडिबुटीजन्य, चिडियाखाना, वन्यजन्तुको पालन, लगायत अन्य वनपैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरू व्यावसायीक रूपमा गर्ने र त्यस्तो उत्पादन बिक्रिबितरण गर्न सक्नेछन् ।

**७. वनमा उपभोक्ता समूहको उत्तरदायित्वः-**

(१) वनश्रोतको वातावरणीय रूपमा दिगो व्यवस्थापन गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(२) वन व्यवस्थापन कार्ययोजना बनाउने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(३) वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्णरूपमा सहभागिता गराउने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(४) वनश्रोतको पारदर्शी, उत्तरदायी ढंगले व्यवस्थापन गर्न सुनिश्चित गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(५) वन व्यवस्थापन कार्ययोजना अनुरुप वन श्रोतको प्रभावकारी रूपमा व्यवस्थापन भए नभएको सन्दर्भमा स्थानीय सरकारमा तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(६) समुदायबाट व्यवस्थापन गरिएको वनश्रोतको आय र अन्य लाभबाट वन उपभोक्ता समूहको साधारण सभा र साधारण सभाले कार्यसमितिलाई तोके बमोजिम समुदायको विकासमा योगदान गरेको छ भन्ने सुनिश्चितता दिने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(७) दिगो वन व्यवस्थापन गरी वन पैदावारको उत्पादनमा वृद्धि ल्याउन चरिचरन, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाट सामुदायिक वनलाई जोगाई वन संरक्षण गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(८) वनक्षेत्रको झाडी सफाई र खाली ठाउँमा वृक्षारोपण गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्ने, उपयुक्त वन सम्बर्द्धन प्रणाली (एक्ल्याउने, बाक्लो वन पत्ल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने) जस्ता कार्यगरी वनको हैसियतमा सुधार्दै लैजाने जस्ता वन संबर्द्धन गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

## ८. वनबाट प्राप्त लाभको बाँडफाड सम्बन्धी व्यवस्थाः-

(१) सामुदायिक वनबाट प्राप्त वन पैदावार उपयोग तथा विक्री वितरणबाट प्राप्त लाभको बाँडफाड देहाय बमोजिम गरिनेछ ।

(क) सामुदायिक वनको वन पैदावार बिक्री वितरण तथा वन श्रोतबाट प्राप्त रकम सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाले तोके बमोजिम बाँडफाँड गर्नेछ,

(ख) यसरी वितरण गर्दा स्थानीय सरकार संचालन ऐनको दफा ६२ (ख) बमोजिम बन पैदावर विक्रि वितरणवाट प्राप्त आयको १० प्रतिशत रकम स्थानीय सरकारको संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

(ग) उपदफा (१) बमोजिमको रकम सामुदायिक वन उपभोक्ता समूहले सम्बन्धित गाउँपालिका वा नगरपालिकासँगको समन्वयमा खर्च गर्नुपर्नेछ ।

(२) कबुलियती वनबाट प्राप्त वन पैदावार उपयोग तथा विक्री वितरणबाट प्राप्त लाभको बाँडफाड समूहको विधान तथा कार्ययोजना बमोजिम हुनेछ ।

## ९. वन व्यवस्थापनमा स्थानीय सरकारको दायित्व

(१) स्थानीय सरकारले आफनो क्षेत्रभित्रका वन जंगलको संरक्षण र उपयोगको लागि वन क्षेत्रको नक्सांकन गरि आवश्यकता अनुसार वन समूह मार्फत वन क्षेत्रको संरक्षण कार्य अगाडि बढाउने ।

(२) स्थानीय स्तरमा वन व्यवस्थापन मार्फत रोजगारी सृजना गर्ने काममा तथा समूहको सुशासन शुद्रिधिकरणमा आवश्यक सहयोग गर्ने ।

(३) संचालनमा रहेका वन उपभोक्ता समूहहरुको वार्षिक कार्ययोजना स्विकृत गरि वनको वैज्ञानिक उपयोगको नीति लिने ।

(४) देहायको कार्य गरेमा वन उपभोक्ता समूहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न नगराउन स्थानीय सरकारले आवश्यक निर्देशन दिने र आवश्यक कारबाही गर्न सक्नेछ ।

(क) वन उपभोक्ता समूहले प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा,

(ख) वन उपभोक्ता समूहले वन व्यस्थापन कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा,

(ग) वनको वास्तविक हैसियत खस्कने वा वन संरक्षणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा,

(घ) स्थानीय वन ऐन २०७८ अनुसार कार्य नगरेमा,

(५) उपदफा (१) बमोजिम वन उपभोक्ता समूहलाई सचेत गराउने लगायतका आवश्यक कारबाही गर्दा सफाई पेश गर्ने उचित मौका दिइनेछ ।

(६) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा कुनै व्यक्तिले समुदायको हितको नाममा वन उपभोक्ता समूहको विधान, कार्ययोजना र समुदायको हित बिपरित कुनै काम कारबाही गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समूहको विधान, कार्ययोजना र नीति नियम अनुसार कारबाही गर्नेछ ।

## १०. सहभागिता र प्रतिनिधित्व सम्बन्धी व्यवस्था:

(१) जल, जंगल र जमिन लगायतका प्राकृतिक श्रोत र साधनसँग सम्वन्धित स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित यस ऐन बमोजिमको अधिकार वा वन सम्बन्धी उनीहरूको परम्परागत ज्ञान, सीप र जीवनशैलीमा प्रभावित पार्ने स्थानीय रूपमा स्थानीय नीति नियम, कार्यक्रमहरू तर्जुमा गर्दा त्यस्तो समुदायलाई सहभागि गराईने छ ।

(२) समुदायमा आधारित वनको स्थानीय तहको उपभोक्ता समितिहरूमा महिला, आदिवासी जनजाति, दलित, अल्पसंख्यक, मधेशी, सीमान्तकृत समुदायको समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ । यसरी प्रतिनिधित्व गराउदा निर्णायक तह पदाधिकारी) लगायतमा कम्तिमा ५० प्रतिशत महिलाको प्रतिनिधित्वको सुनिश्चित गराईनेछ ।

(३) उपदफा २ बमोजिमको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता तुल्याउदा समेत समुदायको गरिब, बिपन्न, दलित वा अल्पसख्यक समुदायको उचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई बिशेष संरक्षण सहितको प्रतिनिधित्वको व्यवस्था गर्न सक्ने छ ।

## परिच्छेद- ३
## वन दर्ता तथा हस्तान्तरण

११. साविकमा दर्ता तथा हस्तान्तरण भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वनहरु यसै ऐन द्वारा सन्चालन व्यवस्थापन हुनेछन ।

१२. दर्ता तथा हस्तान्तरण नभएका वन क्षेत्रलाई सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, नीजि वनहरु दर्ता तथा हस्तान्तरण गरी यसै ऐन द्वारा सञ्चालन तथा व्यवस्थापन हुनेछन ।

## परिच्छेद-४
## वन उपभोक्ता समूहसम्बन्धी व्यवस्था

**१३. सामुदायिक वन सुम्पनेः**

१) उपभोक्ता समूहले कार्ययोजना वमोजिमको संरक्षण सम्बर्द्धन उपयोग व्यवस्थापन गर्न तथा वन पैदावारको मुल्य निर्धारण गर्ने गरी विक्री वितरण गर्न पाउने गरी वन उपभोक्त समूह गठन हुन सक्नेछन् ।

२) उपदफा १ को प्रयोजनको लागि स्थानीय सरकारले उपभोक्ता समूह परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ ।

**१४. कार्ययोजना संशोधनः**

(१) उपभोक्ता समूहले वन व्यवस्थापन सम्बन्धी कार्ययोजना आवश्यकता अनुसार समायनुकुल तोकिए बमोजिम परिमार्जन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको परिमार्जन वातावरणमा उलेख्यनीय प्रतिकुल असर पर्ने देखिएमा स्थानीय सरकारले यस्तो परिमार्जनको जानकारी प्राप्त भएको ३० दिन भित्र सो परिमार्जन लागु नगर्न निर्देशन दिनेछ । सामुदायिक

वन उपभोक्ता समूहले आफनो कार्ययोजना स्थानिय सरकारलाइ जानकारी गराएको ३० दिन भित्र कुनै जानकारी नभएमा समूहले स्वत कार्यन्वयन गर्न सक्ने छ।

**१५. उपभोक्ता समूहको दर्ताः**

(१) दफा १३ (१) बमोजिम गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ताको विधान सहित स्थानीय सरकार समक्ष पेश गर्ने।

(२) उपदफा (१) बमोजिमको दर्खास्त पर्न आएमा स्थानीय सरकारले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गर्न आवश्यक सिफारिस दिनु पर्नेछ।

(३) हाल वन ऐन २०४९ अनुसार दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वनहरु १ बर्ष भित्र स्थानीय सरकारलाई जानकारी दिनु पर्नेछ। त्यस्ता समूहलाई स्थानीय सरकारले प्राविधिक तथा आर्थिक सहयोग गर्नुपर्नेछ।

**१६. उपभोक्ता समूह संगठित संस्था रहने :**

सामुदायिक तथा कबुलियती वन उपभोक्ता समूहहरु अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछन्।

(१) समूहको छुट्टै छाप हुनेछ।

(२) समूहको आफ्नै टाँचा हुनेछ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमको बन्दोवस्त गर्न पाउनेछ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह नालिस उजुर गर्न र सो उपर पनि सोही नाम बाट नालिस उजुर गर्न सक्नेछ।

**१७. प्रतिवेदन दिनुपर्ने** :

(१) सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन प्रत्येक बर्ष आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा वनको स्थिति

समेत खुलाई आफ्नो क्रियाकलापको बार्षिक तथा प्रगति प्रतिवेदन स्थानीय सरकार समक्ष पेश गर्नुपर्नेछ ।

**१८. उपभोक्ता समूहको कोष :**

(१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ । कोषमा देहायका रकम जम्मा हुनेछ ।

(क) संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त हुने अनुदान रकम

(ख) कुनै व्यक्ति वन संस्थाबाट प्राप्त अनुदान, साहायता वा दान दातव्य रकम

(ग) वन पैदावार (जैविक विविधता) को विक्रिवितरणबाट प्राप्त रकम

(घ) उद्योग तथा पर्यापर्यटन सन्चालनवाट प्राप्त रकम

(ङ) जरिवानाबाट प्राप्त

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम

उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट गरिनेछ । कोष संचालन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५
## वन समन्वय समितिको गठन सम्बन्धी व्यवस्था

**१९. वन समन्वय समितिको गठन :**

(१) वन अधिकार प्राप्त गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा अधिकारवाला समुदायको हक हितका सम्बन्धमा स्थानीय सरकारलाई सुझाब दिनको लागि स्थानीय स्तरमा एक वन समन्वय समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समन्वय समितिमा देहाय बमोजिमका

अध्यक्ष तथा पदाधिकारीहरू रहने छन्:

(क) राक्सिराङ गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) वन तथा वातावरण समितिको प्रतिनिधि - सदस्य १ जना

(ग) गाउँसभाको प्रतिनिधि - सदस्य २ जना

(घ) वन उपभोक्ता महासंघको प्रतिनिधि- सदस्य २ जना

(ङ) आदिवासी जनजाति महासंघको प्रतिनिधि १ जना तथा कबुलियती वनका प्रतिनिधि १ जना गरी जम्मा - सदस्य २ जना

(च) दलित अधिकारको क्षेत्रमा काम गर्ने - सदस्य १ जना

(छ) निजीवन को प्रतिनिधि- सदस्य १ जना

(ज) व्यावसायिक संस्थाका प्रतिनिधि - सदस्य १ जना

(झ) वन अधिकार, वातावरण संरक्षण र वन उपभोक्ताको हकहितसँग सम्बन्धित क्षेत्रमा काम गरेको व्यक्ति मध्येबाट स्थानीय सरकारले मनोनीत गरेको न्यूनतम ३ महिला सहित प्रतिनिधि - सदस्य ५ जना

(ञ) वन वातावरण क्षेत्रमा कार्य गरिरहेका गैर सरकारी संस्थाका प्रतिनिधि सदस्य - १ जना

(ट) गाउँपालिका अध्यक्षले तोकेको वा वन वातावरण शाखाको प्रमुख - सदस्य सचिव

(३) तर, स्थानीय सरकारले मनोनित गर्दा उपदफा (२) को विभिन्न खण्डहरूबाट प्रतिनिधित्व हुन नसकेका जाति वा समुदायको प्रतिनिधित्व हुने गरी मनोनीत गर्नुपर्नेछ । उपदफा (२) बमोजिम गठन हुने वन समन्वय समितिमा महिलाको सहभागिता न्यूनतम ३३ प्रतिशत अनिवार्य गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू एक अवधिको लागि पुनः मनोनीत हुन सक्नेछन्।

(५) समन्वय समितिका पदाधिकारीहरु र कर्मचारीले स्थानीय सरकारले तोकिदिए बमोजिमको सुविधा र तलवभत्ता पाउनेछन् ।

## २०. समन्वय समितिको काम, कर्तव्य र अधिकारः

(१) समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाको वन, वातावरण सम्बन्धी बार्षिक योजना तयार गर्ने, सभाबाट पास गर्ने र लागु गर्ने र गराउने,

(ख) गाउँपालिका भित्र रहेका वन उपभोक्ता समूहहरुको बार्षिक प्रतिवेदन असोज मसान्त भित्र लिई सक्ने,

(ग) वन उपभोक्ता समूह हरुको क्षमता विकास गर्ने, वन तथा जैविक विविधता संरक्षण र अनुगमनमा टेवा पुर्याउने,

(घ) वनमा आधारित उद्यम विकासमा टेवा पुर्याउने,

(ङ) समयमै बैठक नराख्ने, साधारण सभा नगर्ने, लेखा परिक्षण नगर्ने, प्रतिवेदन नबुझाउने समुहलाई आवश्यक कारबाही गरि सो कार्य गर्न र गराउन पहल गर्ने,

(च) वनक्षेत्रसँग सम्बन्धित दण्ड र पुरस्कारको व्यव्स्था गर्ने,

(छ) डिभिजन र सव–डिभिजन वन कार्यालयसंगको समन्वयमा वन सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन गर्ने,

(ज) गाउँपालिका भित्र वनक्षेत्रमा कार्य गर्न चाहने निजी तथा गैर सरकारी संघ संस्थालाई काम गर्न दिने वातावरण तयार गर्ने,

(झ) वनक्षेत्रमा सुशासन, पारदर्शिता र जबाफदेहिता वृद्धिको लागि काम गर्ने,

(ञ) गाउँपालिका क्षेत्र भित्र विभिन्न संरक्षणात्मक काम गर्ने, वृक्षरोपण गर्ने, जडिबुटी खेति प्रवर्धन गर्ने,

(ट) खोरिया खेति व्यवस्थापन तथा सार्बजनिक जग्गामा वृक्षरोपण गरि हरियाली वृद्धि गर्ने,

(ठ) आवश्यकता अनुसार वन वातावरण पैदावारमा बिक्रि वितरणमा नियामन गर्ने,

(ड) परम्परागत रुपमा संरक्षण, संवर्द्धन र सदुपयोग गर्दै आएका स्थानीय समुदायको वनप्रयोगको अधिकारलाई राजनीतिक सिमाले वन्देज गर्ने छैन, यदि कुनै अवरोध सृजना भएमा आवश्यक समन्वय गरेर समाधान गर्ने ।

(ढ) अन्तर स्थानीय सरकारका बीच वन पैदावार आपूर्ति व्यवस्था मिलाउनका लागि समन्वय गर्ने ।

(ण) समुदायद्वारा संचालित कार्यक्रमहरु अनुगमन निरिक्षण तथा पृष्ठपोषण गर्ने

(त) समुदायको आन्तरीक सुशासनको लागी आवस्यक सरसल्लाह, सुझाव र सहयोग गर्ने

(थ) जैविक विविधताको अभिलेखिकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने, संरक्षण तथा व्यवस्थापन गर्ने ।

(द) वन बिषयक छलफल: प्रत्येक ४/४ महिनामा वन उपभोक्ता समुहका प्रतिनिधिसंग समितिले छलफल आयोजना गर्नेछ ।

(ध) वन सम्मेलन गरिने: प्रत्येक बर्षको माघ फाल्गुन महिनामा गाउँपालिकाको आयोजनामा वन, वातावरण तथा जैविक विविधताको महत्व, प्रयोग आदिको बारे वन सम्मेलन आयोजना गरिनेछ ।

## २१. समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि :

(१) समन्वय समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समन्वय समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समन्वय समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समन्वय समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरू मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समन्वय समितिको निर्णय समन्वय समितिको अध्यक्षद्वारा प्रमाणित गरिनेछ ।

(५) समन्वय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समन्वय समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**२२. जाँचबुझ र निरीक्षण गर्न सक्ने :**

(१) कुनै व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, नीजि वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन बिपरित हुने गरी समुदायको वन अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरी रहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कामकारवाही भइरहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा वन अधिकार संरक्षण समन्वय समिति आफै वा समन्वय समितिले तोकेको प्रतिनिधिले आवश्यक जाँचबुझ र निरीक्षण गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ र निरीक्षणबाट वन अधिकारको हनन् सम्बन्धी दोषी देखिएका व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायतका व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्नको लागि समन्वय समितिले स्थानीय सरकारलाई सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद-६
## कसूर र सजाय सम्बन्धी व्यवस्था

**२३. वन अधिकारमा प्रतिकूल प्रभाव पार्न नहुने :**

(१) कुनै व्यक्ति, समूह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन विपरित हुनेगरी वन उपभोक्ता वा वन उपभोक्ता समूहको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्न हुँदैन । तर, आम सार्वजनिक हितको लागि यस ऐन बमोजिम वन उपभोक्ता समूह वा सम्बन्धित समुदायको स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी (Free Prior Inform Consent) लिई नेपाल सरकार वा सम्बन्धित तहको निर्णयले असल मनसायले गरेको कार्यलाई वन अधिकारको प्रतिकूल मानिने छैन ।

## २४. दण्ड सजायः

देहायको काम कारबाही गर्ने गराउनेलाई कसुरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछ :-

(१) दफा ३ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई बिगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए बमोजिम जरिवाना हुनेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई बिगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ,

(४) दफा २३ को उपदफा (१) बमोजिम वन उपभोक्ता समूहको अनिवार्य रूपमा स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी लिनु पर्नेमा नलिई कुनै कार्य गरे गराएबाट त्यस्तो वन उपभोक्ता समूहलाई पर्न गएको क्षतिको बिचार गरी उचित क्षतिपूर्ति दिनु पर्नेछ र त्यस्तो कार्य गर्ने गराउनेलाई विभागिय सजायको लागि सिफारिस गर्नु पर्नेछ ।

## २५. मुद्दा हेर्ने अधिकार :

(१) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दा गर्नुपर्ने कारण परेको मितिले ६ महिनाभित्रमा मर्का पर्ने पक्षले स्थानीय तहको न्यायीक समिति समक्ष मुद्दा दायर गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले यस ऐन अन्तर्गत कारवाही गर्दा संक्षिप्त कार्यबिधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले गरेको निर्णय चित्त नबुझ्ने पक्षले सो निर्णय थाहा पाएको

मितिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**२६. क्षतिपूर्तिको भराउन सक्ने :**

(१) यस ऐनको विपरीत हुने गरी वन अधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरेको कारणबाट कुनै वन अधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी अधिकारको हनन भएकै कारण कुनै पनि किसिमको हानी नोक्सानी हुन गएमा त्यस्तो समुदाय वा व्यक्तिले क्षतिपूर्ति भराई पाउँभनी उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानबिन गरी वन अधिकार हनन भएको समुदाय वा व्यक्तिलाई हानी नोक्सानी पुग्न गएको देखिएमा हानी नोक्सानीको आधारमा हानी नोक्सानी गर्ने पक्षबाट क्षतिपूर्ति बापतको रकम त्यस्तो समुदाय वा व्यक्तिलाई दिलाउन सक्नेछ ।

## परिच्छेद-७

## निजी वन सम्वन्धी व्यवस्था

**२७. निजी वन दर्ता :**

(१) निजी वनको संरक्षण सम्बर्द्धन उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्ररुपले वन पैदावारको मुल्य निर्धारण गर्ने गरी विक्री वितरण गर्न पाउने गरी स्थानीय सरकारले दर्ता प्रमाण पत्र दिनेछ ।

(२) निजी वनलाइ स्थानिय सरकारले आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ ।

(३) निजी वन दर्ता भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सो को जानकारी दिनेछ ।

(४) निजी वन किसानहरुले स्थानिय सरकारले तोकेको निवेदन सहित : स्थानीय सरकार समक्ष पेश गर्ने ।

(५) निजी वनको संरक्षण सम्वर्द्धन र विकासका लागि गाउँपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्नेछ ।

## परिच्छेद - ८

## विविध

### २८. स्थानीय सरकारबाट अनुमति लिनु पर्नेः-

(१) स्थानीय तहको अनुमति लिई उपभोक्ता समूहले स्थानीय वनक्षेत्रमा सामुदायिक चिडियाखाना, वन्यजन्तुको व्यावसायीक पालन, समुदायको पहुच भन्दा टाढा रहेको वन सामुदायिक संरक्षण क्षेत्र, पर्यापर्यटन कार्यक्रम जस्ता वनमा आधारित उद्यम वा समुदायमा वन पैदावारजन्य उद्योग संचालन गर्ने, उत्पादन गर्ने, उत्पादित बस्तु वा वनपैदावार निकासी पैठारी गर्ने र सोबाट लाभ प्राप्त गर्न सक्नेछ ।

(२) वनपैदावार जन्य उद्योगबाट उत्पादित वनपैदावारको निकासी पैठारी वन उपभोक्ता समूहले तोकेको व्यक्तिले गर्न सक्नेछ । त्यसरी निकासी पैठारी गर्दा सोको जानकारी अनिवार्य रूपमा स्थानीय सरकारलाई दिनुपर्नेछ ।

(३) वन समूहको दर्ता प्रमाणपत्रका आधारमा सहकारी मार्फत सःमिलका साथै वन पैदावारमा आधारित अन्य उद्यमहरु सञ्चालन सक्नेछन् ।

(४) स्थानीय सरकारले निजी वन दर्ता, संरक्षण, संवर्द्धन, व्यवस्थापन र निर्यातको जानकारी दिएर काम गर्न सक्नेछ ।

### २९. अधिकार प्रत्यायोजन :

स्थानीय सरकारको प्रमुख वा समन्वय समितिको अध्यक्षले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार यस ऐन बमोजिम स्थानीय सरकारले तोकेको व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३०. असल नियतले गरेको कामको बचाउ :**

वन उपभोक्ता समिति, समन्वय समिति वा स्थानीय सरकारको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्यपालन गर्दा असल नियतले गरेको काम कारवाही प्रति निज व्यक्तिगत रूपले जवाफदेही हुने छैन ।

**३१. नियम बनाउन सक्ने :**

यस ऐनको उद्देश्य पूर्तिको लागि स्थानीय सरकारले आवश्यक नियम तथा कार्यविधिहरू बनाउन सक्नेछ ।

**आज्ञाले**
**युवराज आचार्य**
**प्रमुख प्रशासकिय अधिकृत**

**राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/ मुद्रण रु १० मात्र ।**